A NEWSLETTER BY
Hydro Solutions
Agro. Capital Market. Education. Hydropower. Industry. Real Estate. Tourism.
Volume 6 Issue 3 2020
www.hydrosolutions.com.np

# "Political mayhem is constricting FDI in hydro projects"



ER. GYANENDRA LAL PRADHAN
EXECUTIVE CHAIRMAN

Hydropower provides unique benefits that are rarely found in other sources of energy. Hydropower deserves full acknowledgment as an environment friendly and socially compatible clean sustainable renewable form of electricity generation. Hydropower is not only about energy production for productive sectors but also a powerful means of bringing in socio-economic transformation and development of villages. Completion of a single hydel project changes the economic and social landscape in villages. It provides employment opportunities, local infrastructure development like rural electrification, rural road and bridges, drinking water and irrigation schemes, health facilities, local skill development, empowerment through ownership (shares to the community based companies), market development, reduction in deforestation and many more. Nepal is immensely rich in Hydropower with annual run off of 224 billion meter cube. As per Hydro Solutions' (HSL) estimates, with more than 6000 rivers and rivulets, the total hydropower potential of Nepal stands at around 200,000 MW against the popularly assumed figure of 83,000 MW. Nepal- the fourth richest hydroelectric rich country in the world and second in Asia after China is a golden investment gateway to enter the huge energy craving and emerging Indian power market.

Changes in water levels in rivers and lakes, in ice sheets and even under the ground has been one of the key consequences of global warming. It is said that effect of global warming on hydropower is seen in the form of dry months flow going down and wet months flow increasing. Nepal is lucky on this. Due to its huge storage capacity, dry month production can be significantly augmented if properly regulated. This is also associated with other multiple benefits, such as flood control, increased regulated flow facilitating navigation and increased area under irrigation in lean season for regional benefit. Thus, in case of Nepal, global warming has minimum impact on Hydropower. It is encouraging to note that pre-construction activities of hydropower projects with cumulative capacity of 5000MW has been initiated in Nepal. This is estimated to bring in over 10 billion dollars equivalent FDI into the Country by 2010/11/12. Why don't you be the first to invest amongst the forerunners?

As a key player in the hydropower sector, the insights obtained into the dynamic intricacies of hydropower has motivated HSL to spearhead the initiative to provide comprehensive service on hydropower and contribute to sustainable hydropower development in hydroelectric rich Nepal. It is your confidence and belief in our team work that allows us to look forward to the increasing demands of the future with confidence. And for this, we would like to offer out heartfelt thanks.




## INSIDE

HSL's Corporate Social Responsibility(CSR)

Kodak Moment Er. Gyanendra Lal Pradhan Interview

Hydropower News

## MANAGEMENT QUOTES

"A key to achieving sucess is to assemble a strong and stable management team"


– VIVEK WADHWA

" Leadership is working with goals and vision ; management is working with objectives. "

– RUSSEL HONORE

## EDTOON





# Corporate Social Responsibility(CSR)



*Our CSR mission is to maximize our positive influences and minimize negative effects on all of the communities within which we live, work and serve.*





Following late father Hira Lal Pradhan's legacy. Serving the old community.
Gita Mandir Dhulikhel.

# GENERAL UPDATES




“Water is fluid, soft, and yielding. But water will wear away rock, which is rigid and cannot yield. As a rule, whatever is fluid, soft, and yielding will overcome whatever is rigid and hard. This is another paradox: what is soft is strong.”

- Lao-Tzu (600 B.C.)



“When you put your hand in a flowing stream, you touch the last that has gone before and the first of what is still to come."”

- Leonardo da Vinci



# KODAK MOMENTS
# ER. GYANENDRA LAL PRADHAN




19th Installation Ceremony & Charter Day Rotary Club of Kasthamandap 2020

## 'विद्युत् निर्यात नभए १० खर्ब रुपैयाँ जोखिममा'

काठमाडौं (कास)- स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) का उपाध्यक्ष आशिष गर्गले बिजुली बेच्न नसके १० खर्ब रुपैयाँ जोखिममा पर्ने बताएका छन् । हाल १३ सय ६० मेगावाट रहेको नेपालको विद्युत् उत्पादन क्षमता आगामी तीन वर्षभित्र ६ हजार मेगावाट पुग्ने उनको भनाइ छ । उत्पादन बढे पनि खपत नबढ्दा बिजुली खेर गएर १० खर्ब रुपैयाँ लगानी जोखिममा पर्ने अवस्था आउन सक्नेमा उनले चिन्ता व्यक्त गरे । माग भने तत्काल बढ्न नसक्ने अवस्था रहेको उनको गुनासो छ ।


नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले मंगलबार आयोजना गरेको सेजन अर्थनीति बहसअन्तर्गत आयोजित ऊर्जा व्यापारसम्बन्धी कार्यक्रममा उनले भने, 'अहिलेको विद्युत् खपतको अवस्था र तत्काल धेरै विद्युत् खपत गर्ने गरी औद्योगिकीकरण नहुने अवस्थाले अबको तीन वर्षमा विद्युत् माग १७/१८ सय मेगावाटभन्दा बढी पुग्ने अवस्था छैन,' उनले भने, 'अहिलेको अवस्थाले चालु आर्थिक वर्षमा १ हजार, अर्को वर्ष २ हजार र तेस्रो वर्ष कम्तीमा एक हजार पाँच सय मेगावाटभन्दा बढी गरी तीन वर्षभित्र झन्डै ४५ सय मेगावाट बराबरको विद्युत् उत्पादन बढ्ने अवस्था छ, त्यो अवस्थामा बिजुली बेच्न नसके चार हजार मेगावाट विद्युत् खेर जान्छ ।'



गत चैतमा रातिको समयमा दुई सय मेगावाट विद्युत् खेर गएको नेपाल विद्युत् प्राधिकरणले जानकारी दिएको बताउँदै आगामी वर्षको वर्षामा खेर जाने बिजुलीको परिमाण बढ्दै जाने उनले दाबी गरे । चीनसँग अन्तरदेशीय प्रसारण लाइन निर्माण प्रक्रिया अघि बढे पनि त्यो निर्माण हुन कम्तीमा पाँच वर्ष लाग्ने, बनेपछि पनि पाँच सय किलोमिटरभन्दा बढीको प्रसारण लाइनमा बिजुली लैजानुपर्ने भएकाले विद्युत् व्यापार कठिन रहेको तथा बंगलादेशमा बिक्री गर्न पनि २३ किलोमिटर भारतीय भूमि प्रयोग गर्नुपर्ने कारण भारत अहिलेका लागि नेपालको बिजुलीको मुख्य बजार रहेको उनको तर्क छ ।

'बंगलादेश, म्यानमार जस्ता देशमा बिजुली बेच्न पनि भारतको स्वीकृत चाहिन्छ, केही वर्षका लागि भारत नै हाम्रो मुख्य बजार हो, बेच्न तत्काल पहल गर्नुपर्छ, पहल भएन भने जलविद्युत्का लगानीकर्ताका लागि मात्र देशकै अर्थतन्त्रमा गम्भीर संकलन आइलाग्छ,' उनले भने ।

# जलविद्युतमा सबैभन्दा बढी नाफा गर्नेमा चिलिमे हाइड्रोपावर, कसको कति ?




काठमाडौं । जुन बेला नेपालमा १८ घण्टासम्म लोडसेडिङ हुन्थ्यो । त्यो बेला बिजुली कतिबेला आउने कुनै ठेगान हुदैनथ्यो । बिहान उठ्दा बिजुली हुन्थ्यो नत कार्यालयबाट फर्कदा साँझमानै । कहालीलाग्दो अन्धकार युग थियो, त्यतिबेला ।

बिजुलीको अत्यधिक माग हुने समयमा पनि 'लोड' पुग्दैनथ्यो । दशैं र तिहार जस्ता चाडपर्वमा अत्यधिक माग हुने समयको एउटा विकल्प थियो, त्यो हो ९० मेगावाटको कुलेखानी जलाशययुक्त जलविद्युत् आयोजना ।

मनसुन सकिएपछि भरिएको कुलेखानीलाई साँझको समयमा चलाउने गरिन्थ्यो । तर, पनि 'लोड' पुर्याउन सक्ने अवस्था थिएन् । किनकी ठूला जलविद्युत् र जलाशय आयोजना बनेका थिएन् । कुरा हो, वि.सं २०६८ सालको ।

त्यतिबेलाका तत्कालीन प्रधानमन्त्री थिए, डा. बाबुराम भट्टराई । कहालीलाग्दो लोडसेडिङ र बिजुलीको माग बढिरहेको अवस्थालाई दृष्टिगत गरी उनले नै कुलेखानीको विकल्पमा ठूलो क्षमताको जलाशययुक्त बुढीगण्डकी परियोजना विकास गर्ने योजना अघि सारे ।

काठमाडौं, पोखरा, भरतपुर, वीरगन्ज, बुटवलजस्ता शहरीक्षेत्र नजिक 'लोडसेन्टर' पर्ने भएकाले पनि बुढीगण्डकीलाई जलाशययुक्त आयोजनाकै रुपमा छनौट गरियो । परियोजना बनेपछि सदाबहार ३०० मेगावाट बिजुली दिन सक्ने गरी छनौट गरिएको थियो ।
सुरुमा आयोजनाको क्षमता घटाएर ५२० बनाउने कि भन्ने अध्ययन पनि भयो । तर, आरुघाट क्षेत्र पूरै डुबाउनु पर्ने र नदी प्रवाही (रन अफ दि रिभर) प्रकृतिको हुने भएकाले पनि सम्भव देखिएन् । जसरी पनि आरुघाट बजार नडुबाएसम्म आयोजना नबन्ने क्षमता बढाएरै बनाउने योजना अघि सारियो ।

भट्टराईकै कार्यकालमा सो परियोजनालाई राष्ट्रिय गौरवका रुपमा अघि बढाइएको थियो । २०६९ सालमा बुढीगण्डकी आयोजना विकास समिति गठन गरेरै परियोजना निर्माण थालनी गरेको करिव एक दशक बितेको छ । जब मुलुकमा लोडसेडिङ हुन्थ्यो तब, बुढीगण्डकीको चर्चा सुरु हुने गरेको थियो । ४ वर्षदेखि मुलुक लोडसेडिङमुक्त भएपछि आयोजनाको चर्चा सेलाएको छ ।

**परियोजनाका नाममा ३५ अर्ब बढी खर्चियो**

समिति गठन भएयता हालसम्म मुआब्जाबापत आयोजनाका नाममा झन्डै ३५ अर्ब रुपैयाँ खर्च भएको छ । तर, अहिलेसम्म पनि आयोजना बन्नेरनबन्ने अन्योलता कायमै छ । यसअघि सन् २०१४ मा फान्सेली कम्पनी ट्याक्टवेल इन्जिनियरिङले आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार पारी सरकारलाई बुझाइसकेको छ ।

जसअनुसार, आयोजना बनाउन २ खर्ब ६० अर्ब रुपैयाँ लाग्ने अनुमान छ । यो लागत त्यतिबेला डीपीआर बनाउँदाको हो । अहिले समय परिवर्तन भइसकेको छ । 'टाइम अभर रन इज कष्ट अभर रन' भन्ने मान्यताअनुसार आयोजना सो लगानीमा सम्पन्न हुने संभावना कम छ ।

परियोजनाका लागि त्यति ठूलो पूँजी लगानी सरकार आफैलै गर्न सक्ने अवस्था छैन् । विदेशी लगानी ल्याएर आयोजना बनाउन नखोजिएको पनि होइन् । तर, कुन मोडालिटीमा बनाउने भन्ने अन्यौलता नटुंगिदा विदेशी कम्पनीले हात हाल्न सकेका छैनन् ।

**निशानामा परेनन् विदेशीका आँखा**

यसअघि तीन पटकसम्म चिनियाँ कम्पनी गेजुवा ग्रुप लिमिटेडलाई परियोजना निर्माण गर्न दिने बिषय छफल समेत भयो । तर, परिमाण हातमा लाग्यो शुन्य । चिनियाँ कम्पनी गेजुवाले पनि सुरुसुरुमा परियोजनामा 'इन्टेस्ट' देखाए पनि अहिले भने सम्पर्कविहीन रहेको ऊर्जा मन्त्रालय बताउँछ ।

विदेशी कम्पनीकै कारणले आयोजना लामो समय अन्योलतामा अल्झिएका स्वीकार्छन ऊर्जासचिव दिनेशकुमार घिमिरे । कर्जा र अनुदान नदिने तर, इपीसीमा ठेक्का लिन्छु भन्ने कुराका आधारमा कसैले पनि बुढीगण्डकी निर्माणको जिम्मा नपाउने उनले स्पष्टपारे ।

डीपीआर बनिसकेको आकर्षण परियोजना विदेशी कम्पनीलाई नदिने मनस्थितिमा सरकार पुगेको देखिन्छ । तर, अझैपनि ऊर्जा र अर्थ मन्त्रालयले बाह्य लगानी ल्याउने अन्तिम कसरत भने कायमै राखेका छन् ।

परियोजना निर्माणको मोडालिटी र बाह्य ऋण सहयोग कसरी ल्याउने भन्ने बिषयमा अर्थ मन्त्रालयसँग  छलफल भएको ऊर्जासचिव घिमिरे बताउँछन ।

बाह्य लगानी नआए नयाँ मोडालिटी तय गरेर चालू आर्थिक वर्षमा स्वदेशी पूँजीबाट भएपनि परियोजनाको केही न केही काम थाल्ने तयारी रहेको उनको भनाई छ ।

तर, अहिलेसम्म मोडालिटी नबन्नु, मुआव्जा वितरण सम्पन्न नहुनु, लगानीको सुनिश्चितता नहुँदा परियोजनालाई विगतदेखि नै अन्योलतामै फसेको छ । आउँदो कात्तिकसम्म आयोजनाको लगानी खाका तयारी पारिने सचिव घिमिरेले जानकारी दिए ।

**परियोजना अन्योलमा, जनताबाट उठाइयो ४८ अर्ब**

परियोजना विकास गर्न सरकारले २०७२ सालदेखि जनताबाट डिजेल तथा पेट्रोलियम पदार्थमा पूर्वाधार करबापत लिटरमा ५ रुपैयाँ उठाउँदै आएको छ । हालसम्म परियोजनाका नाममा पेट्रोलियम पदार्थमा पूर्वाधार करबापत ४६ अर्ब रुपैयाँ रकम संकलन भइसकेको नेपाल आयल निगम लिमिटेडले जानकारी दिएको छ । सोही करबापत उठेको रकमबाट परियोजनाको मुआब्जा वितरण, अध्ययन, डिजाइत र अन्य प्रशासनिक खर्च भइरहेको बुढीगण्डकी आयोजना विकास समिति बताउँछ ।

कुल ५८ हजार रोपनीमध्ये ४७ हजार रोपनीमात्र जग्गा अधिग्रहण गरी मुआब्जा वितरण गरिएको छ । बाँकी ११ हजार रोपनी जग्गाको मुआब्जामा अझै बिबाद र समस्या सल्टिन सकेको छैन् ।

जनताबाट उठाइएको करबापत मुआव्जाबापत हालसम्म ३५ अर्ब रुपैयाँ भन्दा बढि खर्च भइसकेको छ । बार्षिक रुपमा जनतालाई परियोजनाका नाममा उठाइने करको भार थपिँदै गएपनि आयोजना बन्नेरनबन्ने अझै टुंगो लागिसकेको छैन् ।

जनताले विगत ५ वर्षदेखि परियोजना निर्माणका लागि पूर्वाधार कर तिरिरहेका छन् । अझै कति वर्षसम्म परियोजनाका नाममा जनताले कर तिरिरहने हो त्यो यसै भन्न सक्ने अवस्था छैन्

८ वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको परियोजनााको अवधि चालू आर्थिक वर्ष २०७७२०७८ मा सकिँदै छ । तर, आयोजनाको जग त के मोडालिटी र स्रोत सुनिश्चितता हुन नसकी थला परिरहेको छ ।

निर्धारित समयमभित्रै निर्माण अघि बढेको भए चालू आर्थिक वर्षमा परियोजना बनिसक्नुपर्ने थियो । जनताबाट करबापत ५ रुपैयाँ भार पारेर मुआब्जा बाड्दैमा आयोजना बन्न नसक्ने ऊर्जाउद्यमी ज्ञानेन्द्रलाल प्रधानको तर्क छ ॥

परियोजना बनाउन जनताबाट करबापत रकम उठाउनु स्वभाविक भएपनि पनि परियोजना बन्ने अनिश्चितता बढ्नु गलत र दुःखद पक्ष रहेको उनको बुझाई छ ।

'आयोजनाका लागि ५ रुपैयाँ पेट्रोलबाट उठाएको छ। यो अत्ति राम्रो मोडेल हो। इथोपियाले पनि अहिले ६ हजार ३०० मेगावाटको परियोजना नाइल नदीमा बनाउँदै छ, बुढीगण्डकी कै मोडेलमा' उनले थपे, 'जनतालाई पेट्रोलियम करबापत ५ रुपैयाँको भार पारेर आयोजना नबन्नु राम्रो कुरा होइन्। मुआव्जा बाड्दैमा आयोजना बन्ने होइन्।'

परियोजना डिजाइन गर्दा नै गलत तरिकाले भएको भन्दै 'इकोनिक अप्टिमाइजेसन' का लागि जबर्जस्ती १ हजार २०० मेगावाट क्षमता पुर्याईनु गलत रहेको उनको तर्क छ।

उनले क्षमता घटाएर ६८० मेगावाटमै परियोजना विकास गरेको भए 'प्रोजेक्ट फिजिबल' हुन सक्ने अवस्था रहेको बताए।
परियोजनाको ढिलाइले राज्यलाई बार्षिक ६५ अर्ब घाटा

बुढीगण्डकी परियोजना नबन्दा बार्षिक रुपमा राज्यलाई ठूलो नोक्सान हुँदै आएको छ। प्रारम्भिक रुपमा परियोजनाको लागत अनुमानका आधारमा हिसाव गर्ने हो राज्यलाई ठूलो घाटा हुन जान्छ। सरकारले राष्ट्रिय गौरवको 'गेम चेन्जर' परियोजनाको अन्योलता चिर्दै छिटोभन्दा छिटो आयोजना विकास नगर्ने हो भने बुढीगण्डकी बहुउद्धेश्यीय परियोजना नीति र बजेटकै पानामा मात्रै सिमित हुने पक्का छ।

परियोजनाको प्रारम्भिक लागत २ खर्ब ६० अर्ब रुपैयाँ हो। मेसिन, उपकरणको मुल्यवृद्धि बार्षिक १० प्रतिशत हुने आधार मान्दा परियोजना एक वर्ष ढिला हुँदा २६ अर्ब रुपैयाँ मूल्य वृद्धिका कारण घाटामा छ। त्यतिमात्रै होइन, अन्तर्राष्ट्रिय मुद्रा डलरको भाउ बढेका कारणले बार्षिक ५ अर्ब रुपैयाँ नोक्सान हुन्छ।

ुढीगण्डकी परियोजनाबाट बार्षिक सालाखाला ३५ अर्ब रुपैयाँको बिजुली उत्पादन हुने अनुमान छ। बुढीगण्डकीबाट बिजुली उत्पादन हुँदा देशको अर्थतन्त्रलाई थप चलायमान बनाउने हुँदा आर्थिक विस्तारमा सघाउने छ।

यस आधारमा परियोजना एक वर्ष ढिला हुँदा राज्यलाई ६५ अर्ब रुपैयाँ घाटा हुने तत्कालीन बुढीगण्डकी आयोजना विकास समितिका अध्यक्ष तथा ऊर्जाविद् डा. लक्ष्मीप्रसाद देवकोटा बताउँछन्।

बुढीगण्डकी परियोजनालाई अझै अन्योलकै अवस्थामा राख्ने हो भने आयोजना पनि नबन्ने र अर्थतन्त्र नै धराशायी हुने उनी बताउँछन्। परियोजना ४ वर्ष ढिलाई हुँदा आयोजना बन्ने बराबरको रकम नै राज्यलाई नोक्सान भएको देवकोटाको तर्क छ।



# जलविद्युतमा सबैभन्दा बढी नाफा गर्नेमा चिलिमे हाइड्रोपावर, कसको कति ?




काठमाडौं । नेपाल स्टक एक्सचेन्ज (नेप्से) लिमिटेडमा सूचीकृत ३३ ओटा जलविद्युत् कम्पनीहरुमध्ये २२ ओटाले गत आर्थिक वर्षको वित्तीय विवरण सार्वजनिक गरेका छन् ।

जलविद्युत कम्पनीले वित्तीय विवरण सार्वजनिक गरेका छैनन् । गत आर्थिक वर्ष १२ ओटा कम्पनीहरुको नाफा बढेको छ भने ८ ओटाको घटेको छ ।

वित्तीय विवरण सार्वजनिक गर्नेहरु मध्ये सबैभन्दा बढी नाफा चिलिमे हाइड्रोपावर कम्पनी लिमिटेडले गरेको छ । गत आर्थिक वर्षमा चिलिमेले ०.२५ प्रतिशत मात्र नाफा बढाएर ७४ करोड ८० लाख रुपैयाँ खुदनाफा गरेको छ । अघिल्लो वर्ष चिलिमेले ७४ करोड ६२ लाख रुपैयाँ खुदनाफा गरेको थियो ।

यसपछि बुटवल पावर कम्पनी लिमिटेड (बीपीसी) भएको छ । बीपीसीको नाफा गत आर्थिक वर्षमा ४.९४ प्रतिशत घटेर ७२ करोड २९ लाख रुपैयामा सीमिति भएको छ । अघिल्लो आर्थिक वर्षमा बीपीसीले ७६ करोड रुपैयाँ खुदनाफा गरेको थियो ।

सबैभन्दा धेरै नाफा बढाउनेमा अरुण कावेली पावर लिमिटेड रहेको छ । अरुण कावेलीको नाफा १३६६ प्रतिशत बढेर १० करोड ९६ लाख रुपैयाँ पुगेको छ । यस्तै हिमालय ऊर्जा विकास कम्पनी लिमिटेडको नाफा ७४६ प्रतिशत बढेर ४२ लाख ९० हजार रुपैयाँ पुगेको छ ।

यसैगरी सानिमामाई हाइड्रोपावर लिमिटेडको नाफा ५९.३२ प्रतिशत बढेर ३६ करोड ३२ लाख रुपैयाँ छ । अघिल्लो आर्थिक वर्षमा कम्पनीले २३ करोड १२ लाख रुपैयाँ खुदनाफा गरेको थियो । नाफा बढेकाले चालु आर्थिक वर्षमा सानिमामाईका लगानीकर्ताले लाभांश बढी पाउने संभावना छ ।
सिनर्जी पावर डेभलपमेन्ट कम्पनीको नाफा ७४.२३ प्रतिशत बढेर १० करोड ९३ लाख रुपैयाँ पुगेको छ । अघिल्लो वर्ष सिनर्जीको नाफा ६ करोड २७ लाख रुपैयाँ थियो ।

वित्तीय विवरण सार्वजनिक गरेका अधिकांश कम्पनीहरुको प्रमुख सूचकहरुमा क्रमशः सुधार हुँदलै गएको देखिन्छ । बिजुली बेचेर प्राप्त हुने आम्दानी बढेपछि नाफामा सुधार हुँदै गएको हो । यस्तै प्रतिसेयर आम्दानी पनि औसतमा छ ।

## कुन कम्पनीको नाफा कति ?

आँखुखोला जलविद्युत कम्पनी लिमिटेड ३ करोड १० लाख घाटामा, अपि पावर कम्पनी लिमिटेड ९ करोड ५७ लाख नाफामा, अरुण भ्याली ७ करोड २८ लाख नाफामा, छ्याङदी १ करोड १० लाख नाफामा, दिब्यश्वरी ४ करोड ३४ लाख नोक्सानमा, कालिका पावर ५ करोड १९ लाख नाफामा, माउन्टेन हाइड्रो ६ करोड ६७ लाख नोक्सानमा, राधि विद्युत कम्पनी ७ करोड ४० लाख नाफामा र रैराङ १ करोड २४ लाख नाफामा रहेको सार्वजनिक गरेको वित्तीय विवरणमा उल्लेख छ ।

यस्तै रसुवागढी ६ करोड ९२ लाख नोक्सानमा, रिडी हाइड्रोपावर ३ करोड ४४ लाख नाफामा सान्जेन जलविद्युत २ करोड १४ लाख नोक्सानमा, युनियन हाइड्रोपावरको १ करोड ७४ लाख, युनाइटेड मोदीको नाफा ३९.४६ प्रतिशत घटेर ५ करोड ७५ लाख रुपैयाँमा सीमित भएको छ ।

अपर तामाकोसी हाइड्रोपावर ६ करोड ९४ लाख रुपैयाँ नोक्सानमा छ भने पाँचथर पावर कम्पनी लिमिटेडको नाफा बढेर ८ करोड ४० लाख रुपैयाँ पुर्याएको छ ।

नेप्सेमा सूचिकृत मध्ये अपर तामाकोसी, रसुवागढी र सान्जेन जलविद्युत कम्पनीले आयोजना सम्पन्न गरेर बिजुली उत्पादन नगरेकाले नोक्सानमा गएका हुन ।

असार मसान्तसम्म आइपुग्दा १० जलविद्युत् कम्पनीको प्रतिसेयर आम्दानी बढेको छ । सबैभन्दा धेरै प्रतिसेयर आम्दानी बढाउनेमा सिनर्जी पावर कम्पनी रहेको छ । यसको प्रतिसेयर आम्दानी ६ रुपैयाँ ६६ पैसाले बढेर १५ रुपैयाँ ६३ पैसा पुगेको छ ।

सबैभन्दा धेरै प्रतिसेयर आम्दानी हुनेमा भने बुटवल पावर कम्पनीको छ । असार मसान्तसम्ममा यसको प्रतिसेयर आम्दानी २६ रुपैयाँ ९४ पैसा छ । यता, ६ कम्पनीको भने प्रतिसेयर आम्दानी भने ऋणात्मक रहेको छ ।

# संसदीय समितिले खिम्तीको दस्तावेज मगाएर अध्ययन गर्दै



काठमाडौं । विद्युत् खरिद सम्झौता (पिपिए) को अवधि २० वर्ष पुगेपछि नयाँ खरिद दरका विषयमा अध्ययन भइरहँदा संसदीय समितिले पनि यसमा हात हालेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय तथा नेपाल विद्युत् प्राधिकरणले फेरि पनि विदेशी कम्पनीलाई बढी फाइदा हुने गरी पिपिए गर्न लागेको चर्चा भएपछि समितिले हस्तक्षेप गरेको हो ।

संसदको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले सोमबार (साउन ५ गते) मन्त्रालयलाई पत्र लेखी खिम्तीको आयोजना विकास सम्झौता (पिडिए) र पिपिए सम्बन्धी दस्तावेज ३ दिनभित्र पेश गर्न पत्र काटेको थियो । सोही आधारमा मन्त्रालयले बुधबार अपरान्ह आयोजनाका दुवै दस्तावेज पेश गरेको स्रोतले जानकारी दिएको छ ।

मन्त्रालय तथा प्राधिकरणले नर्वेजियन कम्पनीको पक्षमा पिपिए संशोधन गर्ने आशंका भएपछि विवरण मगाइएको समिति स्रोतले बताए । 'मन्त्रालय तथा प्राधिकरणले यसबारे अध्ययन गरिरहेका होलान्, अब समितिले यसको वास्तविकता केलाउँछ,' स्रोतले भन्यो, 'दस्तावेश अध्ययन गरी अब राज्यलाई भार नपर्ने गरी पिपिए गर्न निर्देशन दिइनेछ ।'

नर्वेजियन लागनी रहेको खिम्तीको पिपिए अनुसार सुरु सञ्चालनको २० वर्षपछि आधा स्वामित्व प्राधिकरणमा आउने प्रावधान छ । सोही प्रावधान अनुसार असार २७ गतेबाट पिपिए सकिएको छ । यसको नयाँ पिपिए गर्न, स्वामित्व हस्तान्तरण तथा व्यवस्थापन सञ्चालन गर्ने सम्बन्धमा प्राधिकरणले अध्ययन गरेर मन्त्रालयमा प्रतिवेदन पेश गरिसकेको छ ।

मन्त्रालयमा सहसचिव प्रविणराज अर्यालको संयोजकत्वमा गठित समितिमा मन्त्रालयकै सिडिई बाबुबराज अधिकारी र प्राधिकरण विद्युत् व्यापार विभागका निर्देशक प्रबल अधिकारी छन् । १३ महिना अघि यो समिति गठन भए पनि अहिलेसम्म ठोस उपलब्धि बाहिर आएको छैन ।

विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारी र लकडाउनका कारण नर्वेजियन अधिकारी नेपालमा नरहेको र भर्चुअल बैठकबाट निष्कर्ष निस्कने गरी छलफल गर्न नसकिएको मन्त्रालयले जनाएको छ । यसो हुँदा पिपिए सकिएकै दिनदेखि लागू हुने गरी ३ महिनासम्म प्रतियुनिट १.६४ रुपैयाँमा विद्युत् किन्ने मन्त्रालयले प्रस्ताव गरेको छ ।

नर्वेजियन भने यसमा सहमत देखिएका छैनन् । उनीहरूले अल्पकालीन अवधिका लागि सञ्चालन, सम्भार खर्च धान्न प्रतियुनिट २.८४ रुपैयाँ मागेको पनि मन्त्रालयले जानकारी दिएको छ । यद्यपि, यसमा समेत छलफल भएको छैन ।

उता मन्त्रालय तथा प्राधिकरणले स्वामित्व हस्तान्तरण र पिपिएबारे छलफल गरिरहँदा कानुनविद्ले यसलाई गैरकानुनी बाटो भनेका छन् । विद्युत् नियमन आयोग स्थापना भइसकेको सन्दर्भमा नयाँ पिपिए गर्दा त्यसको स्वीकृति आयोगबाटै लिनुपर्ने विश्लेषण भइरहेको छ । सम्पत्ति हस्तान्तरण, व्यवस्थापन तथा विद्युत्गृह सञ्चालन सम्बन्धी प्रक्रिया मन्त्रालयबाट गरिए पनि पिपिए आयोगकै अधिनबाट हुनुपर्ने कानुनी मान्यता पनि छ ।

२०५१ फागुन १ गते उत्पादन अनुमतिपत्र पाएको आयोजनाबाट २०५७ असार २७ गतेबाट विद्युत् उत्पादन सुरु भएको थियो । १४ करोड २० लाख अमेरिकी डलरमा निर्माण भएको आयोजनाको पिपिए सुरुमा ५.२ सेन्ट र पछि संशोधन गरी ५.९ सेन्ट पुर्याइएको थियो । कम्पनीको आधा स्वामित्व १ रुपैयाँको दरमा हस्तान्तरण गर्नुपर्ने प्रावधान छ ।

प्राधिकरणले औसत १३ रुपैयाँ प्रतियुनिटमा आयोजनाको विद्युत् किनिरहेको छ । झन्डै १५० प्रतिशतसम्म टेक अर पे प्रावधानमा गरिएको पिपिए अनुसार हिउँदको खरिद दर करिब २१ रुपैयाँ प्रतियुनिट पर्ने प्राधिकरणले जानकारी दिएको छ । ५० वर्षका लागि अनुमतिपत्र दिइएको हुँदा अबको ३० वर्षपछि मात्र आयोजना सरकारको स्वामित्वमा आउनेछ ।

# स्वदेशीलाई छाडेर आयातीत




काठमाडौं : प्रसारण लाइनकै कारण भारतबाट महँगोमा बिजुली किन्नुपर्ने अवस्था सिर्जना भएको छ। प्रसारण लाइन नहुँदा नेपालमा निजी क्षेत्रले उत्पादन गरेका विद्युत् बिक्री गर्न नसकी भारतबाट आयात गर्नुपर्ने अवस्था आएको सरकारी प्रतिवेदले उल्लेख गरेको छ।

महालेखापरीक्षकको पछिल्लो वार्षिक प्रतिवेदनमा निजी लगानीको विद्युत् उत्पादनको नमुना सर्भेक्षण गर्दा कम प्रसारण क्षमता भएको लाइनबाट बढी विद्युत् प्रवाह गर्नुपर्ने, प्रसारण लाइनको नियमित मर्मत सम्भार र गुणस्तर जस्ता कारणले उत्पादित सबै बिजुली प्रयोग हुन नसकेको निष्कर्ष निकालिएको छ। हाल निजी क्षेत्रका ९० आयोजनाबाट उत्पादित ६ सय १८ मेगावाट विद्युत् राष्ट्रिय प्रसारणमा जोडिएको छ।

सरकारको विश्लेषणअनुसार निजी क्षेत्रका ती १८ आयोजनाबाट उत्पादित कुल विद्युत्मध्ये वार्षिक ९५.६१ गिगावाट प्रतिघण्टा बिक्री गर्न नसकेको अवस्था छ। ९५.६१ गिगावाट प्रतिघण्टा विद्युत् खरिद सम्झौता (पीपीए) को औसत ४ रुपैयाँ प्रतिकिलोवाट प्रतिघण्टाका दरले उत्पादकलाई ३८ करोड २४ लाख ५९ हजार नोक्सानी भएको देखिन्छ। विद्युत् अभाव हटाउन उक्त ९५.६१ गिगावाट प्रतिघण्टा भारतबाट खरिदका लागि औसत ८ रुपैयाँ प्रतिकिलोवाट प्रतिघण्टका दरले ७६ करोड ४९ लाख १९ हजार भुक्तानी गरेको देखिन्छ।

प्रसारण लाइनका कारण उत्पादित सबै बिजुली खरिद गर्न नसक्ने एकातिर छ भने अर्कोतिर भारतबाट महँगोमा बिजुली किन्दा १ खर्ब १४ करोड ७४ लाख रुपैयाँ राज्यलाई नोक्सानी हुन गएको छ। यसै कारण नेपाल विद्युत् प्राधिकरणले प्रसारणलाइन मर्मतर सम्भार तथा गुणस्तरमा ध्यान दिनुपर्ने प्रतिवेदनले सुझाएको छ।

नयाँ प्रसारणलाइन बन्न नसक्दा पनि निजी क्षेत्रबाट उत्पादित बिजुली वितरण प्रणालीमा जोडिन सकिरहेको छैन। स्वतन्त्र ऊर्जा उत्पादकसँग गरिएको पीपीए दर बमोजिम आयोजना समयमा नै सम्पन्न भए पनि प्रसारणलाइनको अभावमा राष्ट्रिय वितरण प्रणालीमा विद्युत् जोड्न नसक्दा प्राधिकरणले ५ देखि ४५ प्रतिशतसम्म क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था छ।

१५३.५ मेगावाटको सान्जेन विद्युत् आयोजना २०७७ असारमा, ५७ मेगावाटको मिस्त्री खोला जलविद्युत् आयोजना २०७६ चैत्रमा, २५ मेगावाटको माथिल्लो दोर्दी ए २०७६ मा सम्पन्न गर्ने लक्ष्य थियो। तर कोरोनाका कारण ती आयोजना निर्माण सम्पन्न हुने समयसीमा केही पछि धकलिएको छ।

आयोजनाको विद्युत् केन्दीय ग्रिडमा जोडिने चिलिमे-त्रिशूली, कालीगण्डकी र मर्स्याङ्दी प्रसारणलाइनको कार्य प्रगति क्रमशः ४५, ८६ र २१ प्रतिशत रहेकाले ती आयोजनाबाट उत्पादन हुने २३५.५ मेगावाट विद्युत् खेर जाने अवस्था छ।

यस्तै पीपीए दरअनुसार प्राधिकरणले यी आयोजनालाई ५ देखि ४५ प्रतिशतसम्म क्षतिपूर्ति दिनुपर्ने हुन्छ। अब ऊर्जा मन्त्रालय तथा प्राधिकरणले प्रसारणलाइन निर्माणमा तदारुपता देखाउन जरुरी रहेको प्रतिवेदनमा उल्लेख छ।

विद्युत्वितरण प्रणालीमा नोक्सानी देखिनु स्वाभाविक भए पनि पावर स्टेसनबाट चुहावट हुनु उचित नभएको प्रतिवेदनले भनेको छ। प्राविधिक रुपमा प्रसारण लाइनको क्षमताभन्दा अत्यधिक भार भएमा, गुणस्तरीय उपकरणको प्रयोग नभएमा तथा प्रसारणलाइनको खण्डको लम्बाइ अत्यधिक भएमा चुहावट हुने गर्दछ। यसमा प्राधिकरणलाई प्रतियुनिट औसत ४ रुपैयाँका दरले गणना गर्दा १२ करोड, ३४ लाख ४८ हजार नोक्सानी भएको देखिन्छ।

## प्रसारणलाइन निर्माणमा ढिलाइ

विद्युत् वितरण प्रणाली विकास गर्ने एकमात्र आधिकारिक सरकारी निकाय नेपाल विद्युत् प्राधिकरणले निर्माण गरिरहेका प्रसारण लाइनको अवस्था सन्तोषजनक नभएको महालेखापरीक्षकको ५७औं वार्षिक प्रतिवेदनले निष्कर्ष निकालेको छ।

निर्माणाधीन १७ विद्युत् प्रसारणलाइन तथा सवस्टेसन आयोजनाको प्रगतिको विश्लेषण गर्दै प्रतिवेदनले प्राधिकरणको कामप्रति असन्तोष जनाएको हो।

प्रतिवेदनका अनुसार ती आयोजनाहरु समयमा नै सम्पन्न हुन सक्ने अवस्था छैन। निर्माणाधिन १७ प्रसारणलाइन तथा सवस्टेसन आयोजनामध्ये सुरु सम्झौता म्याद समाप्त भएका ११ आयोजनामा २५ प्रतिशतभन्दा कम प्रगति भएका ३, २५ देखि ५० सम्म प्रगति भएका ४, ५०देखि ७५ प्रतिशत प्रगति भएका १ र ७५ प्रतिशतभन्दा माथि प्रगति भएका ३ छन्।

१५ महिनामा सम्पन्न गर्नुपर्ने आयोजना ९ वर्ष बितिसक्दा पनि सम्पन्न नभएको अवस्था छ। त्यसैगरी म्याद बाँकी रहेका ६ आयोजनामा पनि ७५ प्रतिशतभन्दा बढी अवधि बितिसक्दा पनि २५ प्रतिशतभन्दा कम प्रगति भएका २, २५देखि ५० सम्म प्रगति भएका २, ५० देखि ७५ प्रतिशत प्रगति भएको एउटा छ। प्रसारणलाइन समयमा सम्पन्न नहुँदा निर्माण लागत बढ्ने, उत्पादित विद्युत् राष्ट्रिय ग्रिडमा जोडिन नसकी विद्युत् खेर जाने र ठेक्का तोडिएको अवस्था छ।

# ब्याजदर सस्तो हुँदा जलविद्युत् कम्पनीको सेयर मूल्य बढायो: ऊर्जा उद्यमी ज्ञानेन्द्रलाल प्रधान




ज्ञानेन्द्रलाल प्रधान २०७७ असोज १४ गते १२:०९ मा प्रकाशित

सेयर बजारमा दुई प्रकारका लगानीकर्ता हुन्छन् । एउटा सेयर बजारमा सूचिकृत कम्पनीको मूल्य बढेर त्यसमा क्यापिटल गेन गर्ने र अर्को लाभांशमा आधारित रहेर लगानी गर्ने ।

नेपालको सेयर बजारमा लगानीकर्ता कहिले बीमा कम्पनीमा आकर्षित हुन्छन् भने कहिले लघुवित्त कम्पनीमा आकर्षित हुन्छन् ।

पछिल्लो समय जलविद्युत् कम्पनीमा लगानीकर्ताको आकर्षण देखिएको छ । एक महिना अगाडि एक दर्जन कम्पनीको सेयर मूल्य दोस्रो बजारमा १०० रुपैयाँभन्दा कम थियो । अहिले एक सय रुपैयाँभन्दा बढी भइसकेको छ । जलविद्युत्मा लाभांश कम भएपछि आइपीओ समेत बिक्री हुन नसक्ने स्थिती देखिएको थियो ।

कोभिडको कारण ऋण नगएपछि बैंकमा प्रयाप्त तरलता छ । जसले गर्दा ब्याजदर निकै तल आएको छ । यसको फाइदा जलविद्युत् परियोजनालाई भएको छ ।

जुन परियोजनाको निर्माण कार्य सकिएको थियो त्यो परियोजनाले तिर्ने ब्याज रकम कम भएको छ ।

एउटा जलविद्युत् आयोजना ४ अर्ब रुपैयाँ बनाउने लागत लाग्यो भने ३ अर्ब रुपैयाँ बैंकबाट ऋण लिने हो । १४ प्रतिशतसम्म पुगेको कर्जाको ब्याजदर अहिले ८ प्रतिशतमा झरेको छ । ४ प्रतिशत ब्याजदर कम हुँदा हिजोको तुलनामा १२ प्रतिशतभन्दा बढी लाभांश दिन सक्ने क्षमता जलविद्युत् आयोजनाको हुन्छ ।

जलविद्युत् आयोजनाको मुख्य कच्चा पदार्थ भनेको नै बैंकको ब्याज हो । बैंकको ब्याज बढी हुँदा लाभांश कम हुन्छ कम हुँदा बढी हुन्छ । जलविद्युत् आयोजनाहरु खराब र लागत बढ्नुमा एउटा कारण बैंकको ब्याजदरपनि हो । हिजोको दिनमा ६ प्रतिशत ब्याजदरमा लिएको ऋण ८ हुँदै १४ प्रतिशतसम्म पुग्यो ।

अहिले सोलारले उत्पादन गर्ने विजुलीमा सरकारले ५० प्रतिशतसम्म ब्याज अनुदान दिएको छ । जबकी यस्तो अनुदानको व्यवस्था जलविद्युत्मा छैन । पछिल्लो समय राजस्वका दरहरु समेत यही क्षेत्रमा बढाइएको छ ।

बैंकहरुले समेत जलविद्युत् आयोजनालाई समस्यामा पार्ने गरेका छन् । अलिकति जलविदुत् कम्पनीको नाफा बढ्नासाथ बैंकले ब्याजदर बढाउने गर्छन् ।

एउटा जलविदुत् परियोजना निर्माण सक्दा लाग्ने कुल खर्चमा ८५ प्रतिशत निर्माणको लागतमा लाग्छ भने १५ प्रतिशत बैंकको ब्याजमा लाग्छ । निर्माण सकिएर बैंकको ऋण नतिर्दासम्म ब्याज अझै बढी लाग्छ । ५० प्रतिशतभन्दा बढी रकम त बैंकको ऋण नतिर्दासम्म ब्याजमा खर्च हुने गरेको छ ।

अहिले जलविद्युत् कम्पनीमा सेयर मूल्य बढेको कुराले बैंकको ब्याजबाट जलविद्युत् आयोजना कति धेरै पीडित रहेका छन् त्यो देखिएको छ ।

सरकार तथा केन्द्रिय बैंकले जलविद्युत् आयोजना जस्ता विकास परियोजनामा ब्याजदर कम राख्ने उपायको बारेमा दीर्घकालिन रुपमा सोच्नुपर्छ ।

कुराकानीमा आधारित

# १९ लाखमै नेपालमा विद्युतीय गाडी बनाउने योजना थाहापाएपछि कर बढाइयोः ज्ञानेन्द्रलाल प्रधान




ज्ञानेन्द्रलाल प्रधान, सोमबार, असार १५, २०७७

मोविलिटी र ट्रान्सपोर्ट कुनैपनि देशको विकासको लागि अत्यावश्यक हुन्छ । यसमा पनि विद्युतीय गाडी हाम्रो जस्तो देशमा अझ बढी महत्वपूर्ण हुन्छ । हामीसँग, कुनै पनि पेट्रोलियम पदार्थको आफ्नै उत्पादन छैन । ग्यासपनि हाम्रो उत्पादन होइन । कोइलापनि हाम्रो होइन ।नेपालले विद्युतीय सवारीसाधन चलाउन पाउने कुनै संभावना थिएन । १९९० को दशकमा हामीले ट्रलीवससम्म चलाउन पाएका थियौं ।

त्यसपछि विश्वमा विद्युतीय रेलले प्रबेश पायो तर, त्यसको फाइदा लिन सक्ने अवस्थामा हामी थिएनौ । तर, पनि नेपाल र नेपाली भाग्यमानी थिए । पछिल्ला दुई दशकमा विद्युतीय सवारीसाधनको आविष्कार, खोज र उत्पादनमा गाडी उत्पादक कम्पनीहरुले ठूलो सफलता हात पारे ।

विद्युतीय सवारी साधनमा विश्व कै आकर्षण रहेको पाइन्छ । क्लिन इनर्जी नभएका देशले पनि विद्युतीय गाडीको प्रयोग बढाउने कुरामा जोड दिइरहेको समयमा हामी पछि हट्ने अवस्था सृजना भएको छ । कसरी धेरै विद्युतीय गाडीको प्रयोग बढाउने, कसरी भारतमा बढ्दो इभीको लागि आवश्यक ऊर्जा निर्यात गर्ने देश बन्ने, वातावरण प्रदुषण हुनबाट जोगाउन हामीले दक्षिण एसियामा नै कसरी नेतृत्व गर्ने जस्ता विषयमा नसोचेर सरकारले एकाएक यसलाई नेपालमा बिक्री गर्नै नसकिने अवस्थामा लगेको छ ।

**भारतमा बडी र चीनमा व्याट्री बनाएर नेपालमा एसेम्बल यूनिट लगाउने तयारीले तिब्रता पाएको थियो ।**

रातीको समयमा कारहरु चार्ज गर्न मिल्ने विद्युत नेपाल र भारतमा काम नै छैन । केही उत्पादन बढ्दा ६ अर्वको विद्युत खेर गयो भन्ने प्राधिकरणले अब हरेक महिना यति अर्वको विद्युत खेर गयो भनेर भन्छ । समाचारहरु आउन थाल्छन् । लगानीकर्ताले बिक्री गरेको विजुलीको पैसा पाउन नसक्ने अवस्था आउँछ । त्यसको जिम्मेवारी सरकारले लिनु पर्छ कि पर्दैन । विद्युतीय गाडीको प्रयोगमा नेपाल कम्बस्चन इन्जिनको अनुपातमा विश्व कै छैटौं ठूलो बजार भइसकेको थियो । एक वर्षमा नेपालमा आयात भएको गाडीको संख्या ६ सय हाराहारीमा भएपनि औषतमा धेरै खपत हुने मुलुकमा परेको हो । ६ सय गाडी आउँदा हामीले कति राजस्व गुमाएका थियौं र ? यसको दिर्घकालीन फाइदा नहेरी पेट्रोलियम पदार्थ बिक्रेताको चंगुलमा परेर सरकारले विद्युतीय कारमा व्यापक कर बढाएको हो ।

अहिले विद्युतीय गाडी नभएका कम्पनीहरुले विद्युतीय गाडीलाई नेपालमा बिक्री गर्नै नसक्ने अवस्थामा पुर्याए । उनिहरुले नेपालमै विद्युतीय गाडी बन्न लागेको थाहापाएर ठूलो चलखेल गरेका हुन् । भारतमा बडी र चीनमा व्याट्री बनाएर नेपालमा एसेम्बल यूनिट लगाउने तयारीले तिब्रता पाएको थियो । यसरी बनेको कार १९ लाख नेपाली रुपैयाँमा नै बिक्री गर्ने प्रस्ट प्लानसहित धेरै कुराअघि बढेको समयमा सरकारले लगाएको करले विद्युतीय कार नेपालमा बन्न नसक्ने भयो । यसले एउटा विद्युतीय कार कम्पनी स्थापना हुन नदिने काम मात्रै गरेन देशलाई नै पछाडि धकेल्ने काम भयो ।

नेपालमा धेरै रेलको संभावना छैन । रेल चल्न भोल्यूमको आवश्यकता पर्छ । जति भोलुम छ त्यस अनुसार रेलको संभावना छैन । अहिलेपनि रेलमा सयौ वर्ष खर्च गरेका देशरुले पनि विद्युतीय र बुलेट ट्रेन चलाउन सकेका छैनन् । अन्य सवारीसाधनको तुलनमा रेलको लागत बढी हुने हुँदा भाडा महंगो हुन्छ । महंगो भाडामा नेपालीले रेल चढ्नै सक्दैनन् । र रेलमा विद्युत खपत गर्छु भन्ने सोच्नु तत्कालको लागि बेकार हो ।

**सरकारले ३ वर्षपछि दोब्बर बनाउँछु भनेर घोषणा गर्ने हो भने तीन वर्षमा विद्युतीय गाडीको प्रयोग एक तिहाई पुग्छ ।**

कुनैपनि देशको विकासको लागि सबैभन्दा पहिलो सर्त सस्तो उर्जा हो । विना सस्तो उर्जा हामी कुनैपनि काम गर्न सक्दैनौं । अहिले नेपालमा १ लाख ५७ हजार गिगावाट आवर ऊर्जा खपत हुने गर्छ । त्यो भनेको हामीले करिब २० बिलियन डलर बराबरको ऊर्जा खपत गर्छौं । त्यसमा दाउरा, विद्युत, पेट्रोलियम पदार्थलगायतका स्रोतहरुमा खर्च भइरहेका छन् । यी मध्ये अधिकांश खर्च भन्सामा हुने गरेको छ । उद्योग र ट्रान्सपोर्टमा त्यसको करिब २० प्रतिशत मात्र खर्च हुने गरेको छ । त्यसको लागि हाम्रो विद्युतको खर्च बढाउने तर्फ नलागि यो देशको विकास संभव छैन ।

त्यसको लागि हरेक भान्सामा इन्डक्स चुलोको प्रयोग बढाउनु पर्छ । नागरिकलाई ग्यासमा खाना पकाउदा भन्दा इन्डक्सनमा खर्च कम आउने कुरा बुझाउनु पर्छ । त्यसो नभए ऊर्जा खेरजाने अवस्था आइसकेको छ । एकातिर हाम्रो ऊर्जा खपत घट्ने अवस्थामा पुगेको छ भने अर्को तिर सकारात्मक रुपमा नागरिकले स्विकार गरेको विद्युतीय कारमा कर बढाएर त्यसको प्रयोगपनि प्रतिबन्ध जस्तै लगाइएको छ ।

पेट्रोलियम पदार्थको आयात घटाउन बिरगंज(काठमाडौं विद्युतीय रेलमार्ग बनाउनु पर्छ । त्यसले दैनिक काठमाडौं आउने हजारौको संख्यामा चल्ने ट्रकको आवत जावत बन्द हुन्छ । यसले हाम्रो एक खर्वको व्यापार घाटा कम गराउछ ।

भएका गल्ती सच्याउन कम्तीमा ३ वर्ष पहिल्यैको मूल्यमा गाडी बिक्री हुने वातावरण निर्माण गर्नु पर्छ । त्यसको लागि सरकारले ३ वर्षपछि दोब्बर बनाउँछु भनेर घोषणा गर्ने हो भने तीन वर्षमा विद्युतीय गाडीको प्रयोग एक तिहाई पुग्छ । यसले चौतर्फी फाइदा पुग्ने छ । (कुराकानीमा आधारित )

## हरेक वर्ष हुने प्याज अभाव किन देख्दैनन्, कृषिमा लगानी गरेका व्यावसायिक घरानाले ?



हरिप्रसाद शर्मा ,प्रकाशित: २०७७ असोज १, बिहीबार,०१:५३:PM

### ऊर्जा उद्यमी ज्ञानेन्द्रलाल प्रधान

ऊर्जा उद्यमीको परिचय बनाएका ज्ञानेन्द्रलाल प्रधान पनि केही समयदेखि कृषि क्षेत्रमा आबद्ध छन् । उनले मकवानपुरको चित्लाङमा व्यावसायिक कृषि खेती गरिरहेका छन् । उनको फार्ममा गोलभेडा, काउली लगायतका तरकारी उत्पादन भइरहेको छ । तर, पनि वार्षिक अर्बौं रुपैयाँको कारोबार हुने प्याज उत्पादन गरेका छैनन् ।रण निर्माण गर्नु पर्छ । त्यसको लागि सरकारले ३ वर्षपछि दोब्बर बनाउँछु भनेर घोषणा गर्ने हो भने तीन वर्षमा विद्युतीय गाडीको प्रयोग एक तिहाई पुग्छ । यसले चौतर्फी फाइदा पुग्ने छ । (कुराकानीमा आधारित )

# Contact Us

Hydro Solutions
Hydropower. Industry. Real Estate. Education. Capital Market. Tourism.




Dillibaza,Charkhal Kathmandu,Nepal
P.O. Box: 3572, Kathmandu, Nepal
Email: info@hydrosolutions.com.np
Tel: + 977-1-4424644/4424655